# लोकतत्त्व र तेस्रो लिङ्गीको दृष्टिले लगन उपन्यासको अध्ययन

**सुचन प्रधान, विद्यावारिधि**
सहायक प्राध्यापक, नेपाली विभाग
कञ्चनजङ्घा राज्य विश्वविद्यालय, सिक्किम, भारत
Email : suchanpradhan00@gmail.com

**सारसङ्क्षेप**

अच्छा राई रसिक नेपाली साहित्यका प्रतिभाशाली स्रष्टा हुन् । कम उमेरमै धेरै महत्वपूर्ण कृतिहरू लेखी चर्चित बनेका उनले विशेषतः समाजको यथार्थ चित्रण गर्ने उपन्यासहरू लेखे । "लगन" उनको पहिलो उपन्यास हो, जसमा समाजका विविध आयामहरू, विशेष गरी लोकजीवन, सामाजिक मूल्य-मान्यता, जातपात, नारी शिक्षाको प्रसङ्ग तथा प्रेम सम्बन्धका जटिलताहरू चित्रित छन् । यो उपन्यास लोकजीवनको विविध पक्ष उजागर गर्ने कृति हो । विशेष गरी दार्जिलिङ र आसपासका ग्रामीण तथा सहरी जीवनको झलक यसमा पाइन्छ । शनिबारे हाट, जातपातको भेदभाव, गरिबी, सांस्कृतिक गतिविधिहरू, धार्मिक आस्था, जातीय विभेद, परम्परागत विश्वास र आर्थिक अवस्थाहरूको यथार्थ चित्रण गरिएको छ । नेपाली समाजमा विद्यमान विभिन्न लोकविश्वास जस्तै फ्याउरा कराउनु, आँखो फरफराउनु, बत्ती निभ्नु, मृतकको अन्त्येष्टि संस्कार जस्ता परम्परागत विश्वासहरू उपन्यासमा उल्लेख छन् । यी विश्वासहरूले लोकसंस्कृतिमा गहिरो प्रभाव पार्ने गरेको देखिन्छ । हालको अध्ययन प्रविधिबाट हेर्दा, "लगन" उपन्यासमा तेस्रो लिङ्गी (LGBTQ+) समुदायबारे प्रत्यक्ष उल्लेख छैन । तर, उपन्यासमा चित्रित लैङ्गिक भूमिकाहरू, नारी शिक्षा र पुरुषप्रधान समाजको संरचनाले लैङ्गिक विविधता र पहिचानको सन्दर्भलाई पनि चिन्तनशील बनाउँछ । समाजले अपनाउने लैङ्गिक तथा जातीय विभेदलाई चिर्न उपन्यासका पात्रहरूले विद्रोह गर्छन्, जसले परम्परागत सोचविरुद्ध उभिने चेतनाको प्रतिनिधित्व गर्दछ । लगन उपन्यास नेपाली समाजको तत्कालीन यथार्थ झल्काउने महत्वपूर्ण कृति हो । लोकजीवनका विविध पाटाहरू, परम्परागत सोच, जातपातको भेदभाव, लोकविश्वासहरू, नारी शिक्षाका मुद्दाहरू तथा प्रेमका जटिलता उपन्यासको केन्द्रबिन्दुमा छन् । समकालीन दृष्टिकोणबाट हेर्दा, उपन्यासले लैङ्गिक समानता र विविधताको सन्दर्भमा समेत गहन अध्ययनको आवश्यकता देखाउँछ । प्रस्तुत लेखमा यिनै कुराहरूलाई प्रकाश पार्ने कोशिस गरिएको छ ।

**बीज शब्द :** लोकजीवन, लैङ्गिक विभेद, लोकविश्वास, शकुन-अपशकुन ।

## विषयपरिचय

थोरै बाँचेर धेरै लेख्ने र ख्याति प्राप्त गर्ने साहित्यकारहरूमा अच्छा राई रसिक पनि एकजना हुन् । उनको जन्म दार्जिलिङमा ११ अक्टुबर सन् १९२८ मा अनि मृत्यु १५ अगस्त सन् १९५२ मा भएको थियो । माता धनलक्ष्मी र पिता रणधोज राईको सन्तानको रूपमा जन्मेका रसिकले २२ वर्षको कलिलो उमेरमा नै तीनओटा उपन्यास प्रकाशित गर्नाका साथै विभिन्न पत्रपत्रिकामा लेख, कविता, कथा, निबन्धहरू पनि सिर्जना गरेर प्रकाशित गरे ।

प्रकाशित कृति- लगन (सन् १९५५), दोभान (सन् १९६४), सप्तकोसी (सन् १९५५) घरज्वाइँ (अपूर्ण उपन्यास) र रसिक रचनावली (सम्पा. रामलाल अधिकारी, सन् १९८२), अच्छा राई रसिकका अप्रकाशित कृति (सम्पा. महानन्द पौड्याल, सन् १९८९) जस्ता पुस्तकहरूमा उनको कृतिहरू सङ्कलन भएको पाइन्छ ।

रसिकको उपन्यासकारिता रूपनारायण कै उपन्यास लेखन परम्पराबाट प्रभावित देखिन्छ । उनका औपन्यासिक विशेषतामा स्वच्छन्दतावादी प्रवृत्ति, नैतिक मूल्य, समाजमा नारीको स्थान, नारी शिक्षा, तथा जाति प्रथाको विरोध आदि भएर अघि बढेको देखिन्छ ।

## लगनमा लोकजीवन

अच्छा राई रसिकको पहिलो उपन्यास लगन २३ नोभेम्बर सन् १९४८ देखि १५ दिसम्बर सन् १९४८ समयावधिमा दार्जिलिङमा लेखेका थिए । लगभग तेइस दिनमा लेखी सिद्ध्याएको यो उपन्यासमा बिस परिच्छेदमा विभाजित छ । यो मूलतः स्वच्छन्दतावादी भावधारामा रचिएको सहरीया सामाजिक जीवनलाई लिएर लेखिएको उपन्यास हो । यसमा युवा-युवतीबिच प्रेमको प्रधानता, प्रकृतिका विविध रूपको चित्रण, विद्रोह चेतना, आत्माभिव्यञ्जना, वैयक्तिकता जस्ता तत्त्वहरू समाविष्ट छन् । तृतीय दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको यस उपन्यासमा वर्णनात्मक शैली पाइन्छ । जातपातको भेदभाव, कुसंस्कार, तत्कालीन दार्जिलिङको युवावर्गमा आएका सामाजिक, राजनीति, सांस्कृतिक चेतना, नारी शिक्षाको प्रसङ्ग पनि उपन्यासमा खुबै सुन्दर ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ। यसको कथावस्तुको धरातल दार्जिलिङ सहर, बिजनबारीको कैँजले बस्ती हुँदै कलकत्तासम्म फैलिएको छ। उपन्यासको कथानकको समयावधि लगभग पाँच वर्षको छ । यसमा रैखिक ढाँचाको कथानक पाइन्छ । कथानकलाई सरासर अघि बढाउँदै लगिएको छ । कथानक सामान्य प्रेमालापबाट प्रारम्भ भई बिचमा प्रेमको जटिल अवस्थाबाट गुज्रेर फेरि अन्तमा संयोगमा टुङ्ग्याइएको छ ।

प्रस्तुत उपन्यासमा दार्जिलिङको सहरे लोकजीवन र कैँजले बस्तीको ग्रामीण लोकजीवनको चित्रण पाइन्छ । दार्जिलिङको शनिबारे हाट, सिनेमा हेर्न गएका अनि दार्जिलिङमा नाटकहरू मञ्चित भएका प्रसङ्गहरू उपन्यासमा विशेष रूपले उल्लेख छन् । दार्जिलिङको चोकबजारमा लागेको शनिबारे हाटमा मारवाडीहरूले लुगाहरू अनि बस्तीवालाहरूले अम्बक, सुन्ताला, इस्कुस, फर्सी, साग, गुन्द्रुक, किनेमा आदि हाटमा बिक्री गर्न ल्याएको, हाटमा समान बिक्री गरिसकेपछि बस्तीवालाहरू भोटिनीको दोकानमा कोदोको तोङबा तान्न गएका, हाटमा नेपाली बाहेक अन्य जाति बङ्गाल्नी, मदेशिनीहरू समान किन्न आएका, रेलको लीकको बिचमा कुल्लीहरू खोपी तथा दोगलपाटे खेलेको दृश्यहरूले प्रस्तुत उपन्यासलाई लोकजीवनको नजीक तुल्याएको छ ।

दार्जिलिङको आर्थिक लोकजीवनको चित्रण रिङ्गेको घरको चित्रणबाट पाइन्छ- "सानो घर, काठ र च्यादर मात्रको भुइँ चिसो माटोको । सिलिङ्गमा दाउराको धुवाँले कति वर्षदेखि जमाएको ध्वाँसो, दश बीसओटा प्वालबाट आकाशका ताराहरू देखिने। उसमाथि एक प्रकारको काँचो मासुको दुर्गन्ध, वमन हुन खोज्ने, चूह्लामाथि तार टाँगेर मासु झुण्डाइएको ।" भारमा यसरी मासु सुकाउनु दार्जिलिङीय लोकजीवनको अभिन्न पाटो हो । सभ्यताको विकास सँगसँगै हाम्रो संस्कृति पनि हराउँदै गएको स्थितिमा उक्त चित्रणले हाम्रा संस्कृति तथा लोकजीवनलाई बँचाई राखेको देखिन्छ । यसै सन्दर्भमा इन्द्रबहादुर राई लेख्छन्- "दार्जिलिङमा अघि सबै नेपाली घरमा माटोको दिनहुँ पोतिने चुल्हा हुन्थ्यो, चुलामाथि भार हुन्थ्यो, भारभरि दाउरा, भारमुनि चोया वा तारमा उनिएको मासु र हरियो खोर्सानीहरूको लुङ । बाहिर अलि पर जुठेल्नो । ग्यास औभवन र कूकर अब घरहरूमा भित्रिँदा कता पुग्यो चुल्हा, भार, सोते, चिम्टा र सुकाएको मासु ! किचनभत्रै सिङ्क राखिएर जुठेन जुठेल्नो पनि भुलिइयो ।" वर्तमान सहरीया जीवनमा र सभ्याताको विकास सँगसँगै यी अभ्यासहरू लोप हुँदै गइरहेका छन् हाम्रो जीवनबाट ।

## लोकविश्वास

नेपाली लोकजीवनमा पशुप्राणी, भूतप्रेत, दिन-महिना, शकुन-अपशकुन आदि विभिन्न प्रकारका लोकविश्वासहरू पाइन्छन् । यी लोकविश्वासहरू लगन उपन्यासमा यसरी चित्रित छन्- जस्तै, पशु सम्बन्धी लोकविश्वासमा गाउँमा राति फ्याउरा करायो भने गाउँमा मरौ पर्छ भन्ने लोकविश्वास पाइन्छ । प्रस्तुत उपन्यासमा पनि कृष्णचन्द्र एकदिन बेलुकी घर आउँदा झेलखानाको

बारीमाथि फ्याउरो कराएको सुन्छ। त्यसै राति रिठ्ठे सार्कीको घरमा मरौ परेको घटनाले सो लोकविश्वास हाम्रो गाउँ समाजमा रहिआएको स्वाभाविक मान्न सकिन्छ।

कुनै व्यक्तिको बारेमा कुरा गर्दा गर्दै ठ्याक्क त्यही व्यक्ति आए उसको आयु लामो हुन्छ भन्ने लोकविश्वासबाट पनि नेपाली समाज धेरै प्रभावित छ। उपन्यासमा उल्लेखित प्रसङ्ग- राधिकाको बाउ मेजर साहेबले कृष्णचन्द्रको कुरा गर्दा गर्दै कृष्णचन्द्र आइपुग्दा मेजर साहेबले "आयु त लामै छ नानीको हामीले तपाईँकै कुरा गर्दै थियौँ" भन्ने संवादले यही लोकविश्वासप्रति इङ्गित गरेको छ। भूतप्रेतप्रति सबैले विश्वास गर्छन भन्ने छैन तर धेर जस्तो मानिस भूतप्रेत भनेपछि डराउँछन्। बिष्णुमायाकी बोजुले बिष्णुमाया र उसकी सङ्गनीहरूलाई राती झ्याल ढोकाहरू राम्ररी थुनेर सुत्नु मुर्कट्टा पस्ला है भन्ने निर्देश दिएको प्रसङ्गले उपन्यासका पात्रहरूमा भूतप्रेतमा विश्वास रहेको बुझिन्छ।

## अपशकुन

निर्धारित समयभन्दा अघि देखिने नराम्रो परिस्थितिसम्बन्धी सङ्केतलाई अपशकुन भनिन्छ। शिक्षित अशिक्षित सबै प्रकारका मानिसहरूले अपशकुनप्रति धेरै विश्वास राखेको देखिन्छ। अपशकुनले मनभित्र शङ्का, डर, चिन्ता स्वतः उत्पन्न गराउँछ। उपन्यासको पात्र रिठ्ठेको पुरानो धुजा भएको राडी बारमा सुकाउँदा त्यो बाटो हिँड्ने गाउँलेहरूले साइत बिग्रियो भनी फाटेको राडीलाई अपशकुन मानेको देखिन्छ।

शरीरका विभिन्न अङ्गहरू फुर्फुराउँदा भविष्यमा हुने शकुन अपशकुनलाई संकेत दिन्छ भने कसैले आफू बिमार भएको कुरा बताइएको पनि पाइन्छ। नेपाली जनजीवनमा यो लोकविश्वास आजसम्म गहिरो रुपले जोडिएको छ। जस्तै, स्त्री जातिको देब्रे आँखा फुर्फुराएको शकुन मानिन्छ भने दाहिने आँखा फर्फराउनुलाई अपशकुन मानिन्छ। राधिकाको दाहिने आँखा फर्फराउँदा एक साल अघि पल्टनबाट दाजु बितेको खबर आएको थियो भने यसपाली उसको मेजर बाउले उसलाई नसोधी बिहेको निम्ति केटा लिएर आएको अपशकुनको प्रसङ्गले लोकजीवन कति धेर प्रभावित रहेछ त्यो स्पष्ट हुन्छ।

राधिकाको विवाहमा टीकाको शुभ मुहूर्त्तको प्रतीक्षा गरिरहेको समय राधिकाको कुमको शाल खसेर टीकाको थालमा बलिरहेको बत्ती निभ्नु र सुबेदार धनमानकी आमा मृत्यु भएको खबर आएर विवाह त्यही रोकिन्छ। लोकजीवनमा कुनै शुभ कार्यमा दियो बत्ती निभ्यो वा कलशहरू घोप्टियो भने अपशकुन हुन्छ भन्ने विश्वास छ। यस्ता विभिन्न क्रियाकलापहरूले लोकजीवन लोकविश्वासबाट नै प्रभावित रहेको सन्देश दिन्छ।

मानव समाजमा धेरै संस्कृति र संस्कारहरू छन् । ती मध्ये खोला, धारा अथवा चोखो ठाउँतिर पुजा सेलाउने मान्यता राखेको पाइन्छ । यस उपन्यासमा पनि पुजा सेलाउन रानी हिटी नामक धारामा लगिएको छ । हिटी लोकजीवनसँग गासिएको एउटा महत्त्वपूर्ण पक्ष हो । हिटी धारामा कहिल्यै पानी सुख्दैन भन्ने लोकविश्वास जनजीवनमा प्रचलित देखिन्छ । विशेष दार्जिलिङ, सिक्किम भेगतिर पानीको स्रोत भएको स्थानतिर हिटी धारा बनाएको पाइन्छ । सार्वजनिक स्थानमा सबैले पानी पिउँने सिमेन्टले बनाएको धारालाई हिटी भनिन्छ । हिटी शब्द नेवारी भाषाबाट नेपालीमा आएको हो भने नेपालीमा यसलाई ढुङ्गे धारा भनिन्छ । नेवारी भाषा र संस्कृतिसँग प्रत्येक्ष जोडिएको यस्ता ढुङ्गेधारा (ल्वँहिटी), सुनधारा (लुँहिटी), मरूहिटी (केही नभएको धारा), थँहिटी (माथिल्लो धारा), क्वहिटी (तल्तो धारा), वह हिटी (चाँदीको धारा) आदि अहिले पनि काठमाडौँ उपत्यकामा पाइन्छ ।

काठमाडौँ उपत्यकाका नेवार समुदायका अग्रजहरूले विशेष नेवार वस्तीहरूमा हिटीधाराको निर्माण गरेका थिए । विशेष १५ औँ शताब्दीमा लिच्छवीकालदेखि हिटी धाराको निर्माण गरिएको अनुमान गरिन्छ । त्यस समय हिटीलाई 'कृति' वा 'स्मृति' भनिन्थ्यो भने पछि १३ औँ शताब्दी, मल्लकालमा आएर ढुङ्गेधाराले 'हिटी' नामले प्रसिद्धी पायो । हिटी धाराको आफ्नै सांस्कृतिक, ऐतिहासिक, धार्मिक एवम् समाजिक महत्त्व छ । हिटी धारा विभिन्न पशुप्राणीको जस्तै- गोही, गाई, हात्ती, बाघ, बाख्रा

आदिको मुखको आकारमा एवम् चराहरूको आकारमा पनि निर्माण गरिएको हुन्छ।

## सपनासम्बन्धी लोकविश्वास

लोकजीवनले सधैँ सपनामाथि विश्वास गरेको पाइन्छ। भविष्यमा हुने घटनाहरूको सङ्केत वा भविष्यवाणी कहिलेकाहीँ सपनाको माध्यमबाट प्रकट हुन्छ भन्ने विश्वास लोकजीवनमा धेरै अघिदेखि रहिआएको छ। यस उपन्यासमा पनि कृष्णचन्द्र कलकत्ता रेलमा जाँदा रेलमै निधाएर सपना देखेको वर्णन छ- "सुबेदार धनमान र राधिका यज्ञभूमिको समीपमा बसेका थिए। राधिकाले निहुरेर सालले घुम्टो हालेकी थिएन ! सुबेदार धनमानले शरीरमा कालो पोशाक लगाएका थिए औ कपालमा तेल चिप्लै दलेर बाल कोरेका थिए।...मेजर साहेब पनि कालै पोशाक लाएर यज्ञभूमिको छेउमै बसेका। दही चामल मुछेको टीका थियो। सहसा बालक अर्जुनले आएर त्यो टीका भएको थालमा टेक्यो, बत्ती घोप्टेर निभ्यो..." सपनामा बत्ती घोप्टिएको देख्नु अपशकुन मानिन्छ। कृष्णचन्द्रले सपनामा बत्ती घोप्टिएर निभेको देख्नु बित्तिकै ऊ चढेको रेल पनि दुर्घटना ग्रस्त हुँदछ। सपनामा धनमान र मेजर साहेबले कालो पोशाक लगाएको देख्छ। सपनामा कालो पोशाक लगाएको मान्छे देख्नु पनि अपशकुन मानिन्छ अर्थात् सपनामा कालो पोशाक लगाएको मान्छे देख्नु यमराजको प्रतीक मानिन्छ। त्यही रेलमा चढेकी धनमानकी आमाको रेल दुर्घटनामा परी मृत्यु हुन्छ र आमाको मृत्युको खबरले उता दार्जिलिङमा धनमान र राधिकाको विवाह असफल हुन्छ। यसरी सपनाले भविष्यमा हुने दुर्घटनाको सङ्केत दिएको कुरा उपन्यासमा वर्णित यस दुखद घटनाले यथार्थ जीवनमा पनि भएको प्रमाणित गर्दछ।

## मृत्यु संस्कार

नेपाली लोकजीवनमा आआफ्ना जात अनुसार अन्त्येष्टि क्रिया सम्पन्न गरिन्छ। हिन्दू परम्परा अनुसार कतिले आफ्नै जातका धामी, झाँक्री वा बिजुवाद्वारा मृत आत्मालाई यस संसारबाट बिदा दिएको हुन्। रिठ्ठेकी आमाको अन्तिम संस्कार गर्दा आफ्नै जातको धने सार्की नामक झाँक्रीले गरेका छन्। उनको विषयमा उपन्यासमा यसरी वर्णन गरिएको छ- "धने सार्की मापाका झाँक्री हुन्- हल्ला छ तिनलाई बालकैमा बनझाँक्रीले लगेको रे, दाउरा खोज्न जाँदा। यो पहाडको कुरो हो- लगेर बाह्र वर्ष मन्त्रतन्त्र सिकाएर घर फर्काएदिएको रे ! चाँदमारी मात्र होइन, अरू पनि धेरै गाउँमा उसको झाँक्री विद्याको ख्याति फिजिएको छ, कतिलाई मृत्युको निश्चित मुखबाट बचाएर ल्याएका छन्।" लोकजीवनमा वनझाँक्रीले लगेको झाँक्री चाहिँ जान्ने, सिपालु हुन्छ भन्ने विश्वास छ।

लोकजीवनमा मृत देहको शिरमा दियो बत्ती जलाउनु पर्छ अनि त्यो दियो बत्ती निभ्नुदिनु हुँदैन भन्ने मान्यता छ भने लाशको शिरपट्टी नाङ्गो खुकुरी गाडेर लाशलाई सेतो लुगाले बेर्ने प्रचलन छ। रिठ्ठेको आमाको सिराननेर पालाको बत्ती बाली दिएको अनि लाशलाई सेतो लुगाले बेरेर छेउमा नाङ्गो खुकुरी गाडिएको छ।

मृत शरीरलाई अन्य जातको मान्छेले छुनु पनि हुँदैन यदि अन्य जातले छोए मृत आत्मा भडकिन्छ भन्ने जनविश्वास छ। कृष्णचन्द्रले रिठ्ठेको आमाको लाशमा निभेको पाला बाल्न लाग्दा अतालिएर धने झाँक्री आएर कृष्णचन्द्रको हातबाट माचिस खोसेर भन्छ- "क्षमा गर्नुहोस् बाबू, तपाईँ हाम्रो देवतासमान हुनुहुन्छ, हाम्रो हितैषी तपाई नै हुनुहुन्छ। तथापि कृपा गरेर बत्ती जलाउन मलाई दिनुहोस् तपाई बुझकी, विद्वान् हुनुहुन्छ- के गरौँ ? जातभातले मात्र अन्तिम संस्कारहरू गर्ने धर्म चलिआएको छ।" विशेष मृतकको घरमा मृत देह रुङ्दा पुरूषहरूले नै रुङ्नु पर्छ भन्ने लोकविश्वास देखिन्छ। प्रस्तुत उपन्यासमा यसको प्रसङ्ग पाइन्छ। लोक परम्परामा मृतको घरलाई अशुद्ध मानिन्छ अनि शुद्ध पार्नको निम्ति गाईको गोबरले लिपी गाईको गहुँत छर्किँदै चोखाएको वा शुद्ध पारेको प्रसङ्ग यस उपन्यासमा उल्लेख छ। लोकजीवनमा मृत व्यक्तिको शव लाँदा मलामीहरूसँगै शंख फुक्दै लगिन्छ अनि जलाउनु वा गाड्नु भन्दा अघि मुखमा दागबत्ती दिइने प्रचलन छ। यस उपन्यासमा यसको सजीव चित्रण उपन्यासकारले गरेका छन्।

## जातिप्रथा

लोकजीवनमा प्राचीन समयदेखि प्रचलनमा आएको जातिप्रथा वा छुवाछूतको चित्रण यस उपन्यासमा पाइन्छ । समाजमा व्याप्त छुवाछूतको भावना समाजको ऐँजेरु भए तापनि आजपर्यन्त हाम्रो समाजले यसलाई उखेलेर फ्याँक्न सकेको छैन । रिट्ठेको आमा देहान्त हुँदा सानो जात वा पानी नचल्ने जात (सार्की) भनी समाजले निकृष्ट दृष्टिले ती अछुत ताजलाई हेरिएको पाइन्छ- “पोहोर तल माहिला गुरुङकी बोज्यू परलोक हुँदा दुइ सये मलामी, राती रुँग्ने पनि साठी- सत्तरी जना थिए, रातभर सिलोक पाठ भएथ्यो, आज रिट्ठेको घरमा भने बत्तीसमेत छैन ।” रिट्ठेकी आमा देहान्त भएर राती रुग्नु जाँदा उपन्यासको मूल पात्र कृष्णचन्द्र माथिल्लो पानी चल्ने जातको भएर रिट्ठे तल्लो अछुत सार्कीकोमा पानी पिउँदा सर्किनी आश्यर्यचकित् बनेकी छे । उसलाई कुनै महात्माले विषपान गरे झैँ लाग्छ । त्यो दृश्य देखेर सार्की बूढालाई पनि महादेव नीलकण्ठले सुमेरु पर्वत मन्थन गर्दा निस्केको हलाहल विष पिएको झैँ लाग्छ । समाजमा उच्च जातका मानिसले निम्न अछुत जातको घरमा पानी खानु हुँदैन भन्ने समाजिक रीति उपर्युक्त पङ्क्तिमा प्रष्ट देखिन्छ ।

## ईश्वरप्रति आस्था

यस उपन्यासका पात्रहरू साधारण मध्यमवर्गीय, हिन्दू धर्मावलम्बी छन् । उनीहरूको ईश्वरप्रति गहिरो आस्था देखिन्छ । उपन्यासको नायक कृष्णचन्द्रको घरमा सत्यनारायणको पुजा हुने भएकोले राधिकालाई पुजामा आउने निम्तो दिएको प्रसङ्ग उपन्यासमा छ अनि राधिका पनि पुजामा व्रत बस्ने प्रसङ्ग उक्त कृतिमा पाइन्छ । साथै कृष्णचन्द्रको घरमा धुमधामले सत्यनारायणको पुजा भएको वर्णन उपन्यासमा वर्णित छ । प्रस्तुत उपन्यासको मुख्य नायक नायिका राधिका र कृष्णचन्द्र पनि हिन्दु धर्मको देवता कृष्ण र राधाको नामबाट नै उपन्यासकारले लिएका छन् । उपन्यासमा कृष्णचन्द्रलाई आदर्श, समाज सेवी एवम् समाज सुधारक पुरूषको रूपमा चित्रण गरिएको छ । तसर्थ रिट्ठेको घरमा कृष्णचन्द्रले पानी पिउँदा धने सार्की छक्क पर्छ- ‘त्यो हृदयमा बूढालाई शंकरको स्मरण भयो, सुमेरु पर्वत मन्थन गर्दा निस्केको हलाहलबाट संसारलाई रक्षा गर्न महादेव नीलकण्ठले विष पिएको मधुरो अस्पष्ट दृश्य बूढाले नाचेको देखे नेत्रमा ।’ यस प्रसङ्गबाट कृष्णचन्द्रलाई मानवभन्दा माथि देवताको रूपमा देखाउन खोजेको देखिन्छ एवम् धनेको ईश्वरप्रति गहिरो आस्था भएकोले नै कृष्णचन्द्रलाई देवताका रूपमा देखिएका हुन् ।

प्रस्तुत उपन्यासमा राधाकी आमा पतिव्रता एवम् ईश्वरप्रति गहिरो आस्था राख्ने सधैँ पुजापाठ गर्ने नारीको रूपमा चित्रित गरिएको छ । राधिकाले आमालाई प्रसाद खान्न भन्दा आमाले कराउँदै भन्छे- “सत्यनारायणको कथामा कलावतीले प्रसाद नखाई पति भेट्न जाँदा रिसाएर उसको पतिलाई डुबाइ दिएको कथा सुनेकी छैनौ ? प्रसाद भनेको भक्ति श्रद्धापुजाको साक्षात् वरदान हो, छेत्छेती दर्शन, बुझ्यौ अब ?” प्रस्तुत उद्धरणबाट राधिकाकी आमाको ईश्वरप्रति अपार विश्वास र श्रद्धा देखिन्छ ।

यस उपन्यासमा रिट्ठेको घरमा सहयोग गर्दा गाउँलेहरूले कृष्णचन्द्रलाई देवता भनेको एवम् राधिकाले कृष्णचन्द्रलाई देवता समान मानेको प्रसङ्गले ईश्वरप्रतिको आस्थालाई झल्काउँछ । कृष्णचन्द्रकी आमाको पनि ईश्वरप्रति गहिरो आस्था पाइन्छ । उनी मन्दिरमा सधैँ पुजापाठ गरेको अनि प्रसाद र गङ्गाजल लिएर छोरीलाई दिएको प्रसङ्ग उपन्यासमा पाइन्छ ।

## विवाह संस्कार

विवाह प्रथा संसारको प्रायः सबै जातिमा पाइन्छ । विशेष हिन्दूहरूको सोह्रवटा संस्कारहरू पाइन्छन् । ती विभिन्न संस्कारहरूमध्ये मानिसको जीवनको महत्त्वपूर्ण संस्कार हो विवाह । यस उपन्यासमा पनि पारम्परिक पद्धतिअनुसार राधिका र धनमानको मागी विवाह सम्पन्न भएको चित्रण छ । तर अन्तमा गएर धनमानको विवाह असफल भएको छ। राधिकाको बाउ मेजर साहेबले गाउँ छिमेक, भला पञ्चहरूलाई निम्तो दिई, नौमती बाजा, सनाई, कर्णाल र ग्रामोफोन बजाई तथा लगनको शुभ मुहूर्तमा विवाहको आयोजना गरिएको छ । मेजर साहेब राई जातिका हुनाले राईकै नियमअनुसार राधिकाको विवाह गर्ने निर्णय लिएको

कुरा कृष्णचन्द्रलाई भन्छ। उदाहरणार्थ- ‘‘हाम्रो दस्तूर के छ भने, तपाईँलाई थाहा नहोला नानी ! केटाले केटी भगाएर लानुपर्छ, तीन दिनपछि केटापट्टिकाहरूले केटीको घरमा सूचना दिनुपर्छ, अनि विवाह हुन्छ। मागेर भए पनि मिलेर सरसल्लाहले नै भए पनि दस्तूर निभाउनलाई तीन दिनका निम्ति भगाएर लुकाइराख्नु पर्छ।’’

## तेस्रो लिङ्गीको प्रसङ्ग

लोकजीवनमा जो लैङ्गिक रूपमा न नर हो न त नारी त्यस्तो व्यक्तिलाई हिजडा वा छक्का भनिएको पाइन्छ। वर्तमान समयमा हिजडालाई तेस्रो लिङ्गी (थर्ड जेन्डर), ट्रान्सजेन्डर, किन्नर पनि भनिएको पाइन्छ। प्राचीन समयदेखि नै लोकजीवनमा तेस्रो लिङ्गी थियो तर आजपर्यन्त लोकाचारको डरले त्यसलाई दबाएर वा लुकाएर राखिएको पाइन्छ। महाभारत, रामायण जस्ता महाकाव्य, पुराण एवम् बौद्ध साहित्यमा पनि किन्नर जाति वा तेस्रो लिङ्गीहरूको प्रसङ्ग पाइन्छ। प्रस्तुत उपन्यासमा पनि मीनकुमार नामक पात्र पुरुष भएर पनि स्त्री स्वभावको, नृत्यमा अब्बल, पुरुषभन्दा महिलासँग घनिष्ट राख्ने, गाउँमा उसलाई सबैले बहिनी वा छोरी अनि पाठशालामा जेठी, माहिली भनी जिस्काएर हेय दृष्टिले हेरिएको प्रसङ्ग पाइन्छ। गाउँघरमा उसलाई मीनकुमार नभनेर मेनका भनी सम्बोधन गर्छ। उदाहरणार्थ- ‘‘त्यो केटा हो केटा, तर उसको चाल- चलन, बोली- चाली, हिँडाइ, सङ्गत केटीको जस्तो, केटी कै छ। नाच्न त उसलाई केटीहरूले भेट्ने होइनन्, आँखानचाइ, कम्मर- मर्काई औँलीबनाइ नाचको प्रत्येक भावभङ्गी यस्तो सफल र चित्ताकर्षक छ, केटीहरू उसलाई भेट्दैनन्।’’ मीनकुमार पुरुष भएर पनि उसको स्वभाव अनि चरित्र स्त्रीको जस्तै भएर सबैले उसलाई मेनका भनिएको छ। तेस्रो लिङ्गीहरूलाई समाजले सधैँ दबाएर हेपेर अनि किनारीकृत गरेर राखेको छ। ब्रिटिसको औपनिवेशिक शासनमा त झन् हिजडा समुदायलाई आपराधिक जनजाति भनी घोषणा नै गरेका थिए। अतः मीनकुमारको माध्यमबाट समाजद्वारा दबाइएका तेस्रो लिङ्गीहरूको पीडालाई उजागर गर्ने काम यस उपन्यासले गरेको पाइन्छ।

लोकजीवनको विभिन्न पक्षहरूमध्ये अतिथि सत्कार महत्त्वपूर्ण पक्ष हो। लोकजीवनमा अतिथिहरूलाई देवता समान राखेर सत्कार गरेको पाइन्छ। कहिलेकाहीँ देवताहरू अतिथिका रूपमा घरमा आएका हुन्छन् अनि अतिथिलाई राम्रोसँगले सत्कार गरे घरमा सधैँ लक्ष्मीको बास र सह हुन्छ भन्ने विश्वास लोकजीवनमा रहेको देखिन्छ। संसारको कुनै पनि नेपालीले आफ्नो घरमा आएका पाहुनालाई देवता समान मानेर आदार अनि सत्कार गर्ने गर्छन्। हिन्दू पुराण, शास्त्र एवम् लोककथाहरूमा पनि अतिथि सत्कारसम्बन्धी थुप्रै कथा अनि प्रसङ्गहरू पाइन्छन्। यस उपन्यासमा पनि अतिथि सत्कारसम्बन्धी थुप्रै प्रसङ्गहरू उल्लेख भएको पाइन्छ।

## लोकसङ्गीत

लोकजीवनको अभिन्न अङ्ग हो लोक सङ्गीत। प्रकृतिमा भएका खोलानाला, कलकल बग्ने पानी, हावा, चराचुरूङ्गी आदिको प्रतिध्वनि लोकसङ्गीतको माध्यमबाट लोकजीवनमा ध्वनित भएको हुन्छ। मेलापात जाँदा, बाली रोप्दा वा फसल उठाउँदा, बिवाह, पुजापाठ, चाडपर्व एवम् कुनै अनुष्ठानतिर लोक गीतहरू गाउँदै मनोरञ्जन गरिएको पाइन्छ। लगन उपन्यासमा लोकगीत, भजन, मारूनी नाच, खैँजडी भजनको प्रसङ्ग पाइन्छ। उदारणार्थ- नेपाली समाजमा धेरै प्रचलित

‘‘लाहुरेको रेलीमाई ! फेशनै राम्रो
रातो रूमाल रेलीमाई ! खुकुरी भिरेको ?’’ (पृ.27 र 157)

नामक लोकगीत उपन्यासमा उल्लेख गरिएको छ। कृष्णचन्द्रको घरमा सत्यनारायणको पुजा हुँदा उसले भजन गाएको, राधिकाले पनि सितार बजाउँदै भजन गाएको, पुजामा मारूनी नृत्य प्रदर्शन गरेको तथा खैँजडी भजनको प्रस्तुति आदिको वर्णन गरिएको पाइन्छ। राधिका पिता मेजर साहेबले पनि आफ्नै राई भाषाको लोक गीत उपन्यासमा उल्लेख गरिएको छ-

"आथ्लूम मङे छिमलाङ् थाग्नु......
एजी एमी नु.....
कसाङ्ग ! तुहालतुहाल !!" (पृ. 136)

लगनका नायक कृष्णचन्द्र शिक्षित, राजनैतिक सचेत, समाजसेवी, साहित्य र संस्कृतिलाई माया गर्ने तथा हाम्रो हराउँदै

## उखानतुक्काको प्रयोग

भालुलाई पुराण सुनाएको जस्तो, काग कराउँदै गर्छ, राडी सुक्दै गर्छ, नेवारको ऋण जस्तो, चोरको मुटु ढुकढुक हुन्छ नै, खाई न पाई छालाको टोपीलगाई, भालुको मन खनिउ माथि, आफ्नै खुट्टामा बञ्चरो नहान, ऋण खानु, जसको जौ खानु उसकै जुँगा माड्नु, जाडो सारो चम्क्यो, उता चितुवा कराउनु, यता बाख्रा हराउनु, आएन गएन को हो को हो? आयो गयो माया मोह आदि।

## व्यक्ति नाम

कृष्णचन्द्र, राधिका, शान्ति, विमला, विष्णा, रिट्ठे, कार्की बाजे, धने, काइँली, माहिला थामी, सन्तोकुमार, धुव्रचन्द्र, मीनकुमार, वीरे, अन्तरी, लक्ष्मी, वासुदेव, सुभद्रा, सुबेदार धनमान, जेठी, चाउरे, गुरूङ जेठा, अर्जुन इत्यादि यी नामहरूले पनि लोकजीवनसित सम्बन्ध स्थापित गरेको छ।

## साइनोसूचक शब्द

बाबा, भाई, मुमा, मीत, बाजे, फुपु, भानिज, दिदी, भेना, मामा, माइज्यू, दाजु, बहिनी, कान्छी, बाबू आदि।

## स्थान नामहरू

चाँदमारी, तुङसुङ, भोटेबस्ती, सिंगमारी, जोर बङ्गला, छ माइल, खर्साङ, टुङ, सोनादा, कागझोडा, जलपहाड, आलुबारी, कालेबुङ, पेशोक, टिस्टा बजार, चौरस्ता, कैँजले आदि लोकजीवनसित सम्बन्धित पाइन्छ।

## लोकप्रचलित शब्दहरू

मुन्द्री, ढुङ्ग्री, गुनिउँ, चोलो, छुर्पी, भातीजाँड, कल्ली, कैँचीमार गुनिउँ, रक्सी, भुटुवा, सारी, निगार, शाल, कार्चीपी टोपी, काँसको झर्के पीरिच, खैँजडी, झ्याली, मुरली, बाँसुरी, मादल, पुवाँलो, हरियो पोते, गाग्रो, लोटा, खुकुरी, पटुका, नाम्लो, दौरा सुरुवाल, अस्कोट, अण्डीको शाल, चाँदीका चुरा, कल्ली, च्याप्टे सुन, पिरा, सिलाम, नाङ्लो, मकैको खोसेला, बिनायो, कटुवा, सिन्धुर, शनाई, नौमती बाजा, दमाहा, ढोलक, राडी, कर्णाल, पञ्चेबाजा, पुलिसबाजा, गुन्द्रुक, पुङमाङ, वाफ रे !, मार्‍यो है मोराले, घिचुई !, कस्ती राकस्नी !, छिः छिः, घुँ : घुँ :, सत्त सूरे, पानीको पनेरा, हिटी धारा आदि लोकप्रचलित शब्दहरू प्रयोग गरेका छन्।

## निष्कर्ष

अन्तमा, प्रस्तुत उपन्यासमा पुरुष प्रधान समाजमा नारी पुरुषको अधिनमा बस्नु पर्छ भन्ने परम्परा पाइन्छ। नारी भएपछि राती हिडडुल गर्नु हुँदैन, नारीहरूले सिनेमाहरू हेर्नु हुँदैन भन्ने मेजरनीको मानसिकता देखिन्छ। मेजरनी स्वयम्ले आफ्नो पतिको फोटो देवता थानमा राखेर पुजा गरेको चित्रण उपन्यासमा पाइन्छ। आफ्नो पति मेजर साहेबको कुनै पनि निर्णयको अघि उनी नतमस्तक देखिन्छ। आफ्नो छोरी राधालाई उसको इच्छाको विरुद्ध विवाह गरी दिँदा पनि बाउको निर्णयको बिरूद्ध एकवचन पनि बोल्न सकेकी छैन आमा छोरी। मेजरले आफ्नो छोरी राधालाई असाध्य माया गरे तापनि पुरुष प्रधान मानसिकताले गर्दा आफ्नो

छोरीलाई बलजफती विवाह गरी दिएर वस्तु समान व्यवहार गरेको प्रतीत हुँदछ । उता कृष्णचन्द्रको आमा बिधुवा भए तापनि पतिव्रताको धर्म पालन गरेर जीवनभर बसेको देखिन्छ ।

लोक मान्यताअनुसार स्त्री चरित्र लजालु हुनुपर्छ भन्ने प्रमाण उक्त उपन्यासमा देखिन्छ । लोकले स्त्री र पुरुषको प्रेमलाई पनि पवित्र मानेको पाइन्छ । राधा र कृष्णको जस्तो प्रेम पवित्र, निस्वार्थ हुनुपर्छ भन्ने आदर्शवादी मान्यता लोकजीवनमा रहिआएको छ । प्रस्तुत उपन्यासको नायक कृष्णचन्द्र र नायिका राधाको प्रेमलाई पनि उपन्यासकारले बढी आदर्शवादी रूपमा प्रस्तुत गरेका छन् । उनीहरूले एकाअर्कालाई स्पर्श गर्नु पनि अपराधबोध गर्छन्, ठूलो पाप सम्झन्छन् । हिन्दू पुराकथाहरूमा वर्णित प्रेम तपस्या हो भन्ने विचारधारा ती दुईमा देखिन्छ । प्रेम एउटा मावनीय संवेदना मात्र नभएर यो ईश्वरसमान हो भन्ने लोकपरम्परा कै रुढ मान्यताको पक्षमा नायक नायिका देखिन्छ । यस अतिरिक्त कसम खाएको, मीत लाउने परम्परा एवम् लोक शिल्पहरूको प्रसङ्गहरू पनि प्रस्तुत उपन्यासमा देखिन्छ । समग्रमा भन्नु पर्दा प्रस्तुत उपन्यासले दार्जिलिङको नेपालीभाषी नेपालीहरूको लोकजीवन, लोकसंस्कार, लोकसंस्कृतिलाई समेट्न पूर्ण सक्षम भएको छ ।

## सन्दर्भ पुस्तक

डा. मोहन पी. दाहाल, सन् २००१, दार्जिलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति, दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन ।

नवीन पौड्याल, सन् २०११, आख्यान अनुशीलन, दार्जिलिङ : ओरियन प्रेस इन्टरनेसनल ।

अच्छा राई रसिक, लगन, सिक्किम : जनपक्ष प्रकाशन ।

पवन चामलिङ 'किरण' (सम्पा.), सन् १९९९, निर्माण संस्कृति विशेषाङ्क, वर्ष १९, अङ्क ३४, निर्माण प्रकाशन, दक्षिण सिक्किम । http://www.Kantipath.com/pv/news/614

रिद्धी प्रधान, ढुङ्गे धारा : अ केस इस्डी अफ द थ्री सिटी अफ काठमान्डु भेल्ली, (इ-बुक) ।